# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ सङ्ख्याः२ राजपत्रमा प्रकाशित मितिः२०८१/०३/०७


## भाग १

# विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

विराटनगर राजपत्र

# विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन -२०८०

*नगर सभाबाट स्वीकृत मितिः२०८०/१०/१७*

*प्रमाणीकरण मितिः २०८०/१०/२८*

**प्रस्तावनाः**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक मुलुक हुनाले यहाँ अनेक ज्ञानका भण्डारहरू, अनेक जातजाति भाषाभाषी र कला कौशलहरु छन् र तिनको संरक्षण, सम्वर्द्धन एवम् विकास गरेर तिनलाई समुन्नत बनाउने महत्वपूर्ण औजार नै भाषा, साहित्य, कला, संस्कृति, ज्ञानजस्ता यावत् पक्षको समुचित विकास गर्ने अभिप्रायले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम विराटनगर महानगरपालिकाको नगर सभाले यो विधेयक पारित गरेको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**१.सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "प्रतिष्ठान" भन्नाले विराटनगर प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

(ख) "भाषा" भन्नाले नेपाली भाषाल गायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषा सम्झनु पर्दछ।

(ग) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला, नाट्यकला लगायतका अन्य सिर्जनात्मक ललितकला भन्ने सम्झनु पर्दछ।

(घ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोक साहित्य समेत सम्झनुपर्दछ।

(ङ) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्ष सम्झनु पर्दछ।

(च)) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ।

(६) "प्रमुख" भन्नाले विराटनगर नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

(ज) "उपप्रमुख" भन्नाले विराटनगरमहानगरपालिकाका उपप्रमुखलाई सम्झनुपर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ)"कार्य समिति" भन्नाले प्रतिष्ठानको दफा ११ बमोजिमको समिति सम्झनु पर्दछ।

(ट) "परिषद्" भन्नाले दफा ७ बमोजिमको परिषद् सम्झनु पर्दछ।

(ठ) "अध्यक्ष" भन्नाले प्रतिष्ठानका अध्यक्ष सम्झनु पर्दछ।

(ड) “उपाध्यक्ष” भन्नाले प्रतिष्ठानका उपाध्यक्ष  सम्झनु पर्दछ ।

(ढ) “सचिव” भन्नाले प्रतिष्ठानका सदस्यसचिव सम्झनुपर्दछ ।

(ण) “सदस्य” भन्नाले प्रतिष्ठानका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(त) “पदाधिकारी” भन्नाले प्रतिष्ठानका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(थ) “तोकिएका वा तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेका नियम र कायविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना तथा काम कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापना** :(१) महानगरपालिका क्षेत्रभित्रका बौद्धिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्बर्द्धन तथा विकास गर्नका लागि प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको कार्यालय विराटनगर महानगरपालिका क्षेत्रभित्र रहनेछ ।

(३) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारबाला एक स्वशासित संस्था हुनेछ । -

(४) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ ।

**४. प्रतिष्ठानको काम कर्तव्य र अधिकार** :प्रतिष्ठानको काम कर्तव्य र  अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको सङ्कलन, संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

(ग) प्रतिष्ठानका क्षेत्राधिकारभित्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन सिर्जना तथा प्रकाशन गर्ने,

(घ)  बौद्धिक बैंक, ग्यालेरी तथा सङ्ग्रहालय स्थापना र तोकिएबमोजिम सञ्चालन गर्ने

(ङ) बौद्धिक बैंकमा जम्मा भएका बौद्धिक सम्पत्तिहरुको आधिकारिकताका लागि प्रचलित कानुनबमोजिम संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(च)खण्ड ख, ग र घ का क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति र संस्थालाई तोकिएबमोजिम कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(छ)विराटनगर महानगर पुस्तकालय सञ्चालन गर्ने र यसको सञ्चालन प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

(च)  खण्ड ख र घ को प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न विद्वत्‌वृत्तिको व्यवस्था गर्न सक्ने,

(छ) प्रशिक्षण तथा बौद्धिक विकासका कार्यक्रम  गर्ने,

(ज)खण्ड ख र घ अनुसारका कार्यको माध्यमबाट स्थानीय तह, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने,

(झ) प्रतिष्ठानका पुरस्कारहरु विराटनगरमा मात्र सीमित रहने  छैन ।

(ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रियस्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता,अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,

(ट) यसै अनुसारका अन्य संघसंस्थासित सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदानप्रदान गर्ने

(ठ)प्रतिष्ठानले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्ने  ।

(ड) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठानउपर पनि नालिस उजुर लाग्न सक्ने  ।

(ढ) प्रतिष्ठानले व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने ।

(ण)ऐनले तोकेका कर्तव्य पूरा गर्न अन्य आवश्यक काम गर्ने ।

## परिच्छेद-३

**६. प्रतिष्ठानको सङ्गठन** : प्रतिष्ठानको संगठन देहाय बमोजिमको हुने छ र तिनको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछ । परिषदमा भाषा साहित्य कला संस्कृतिका क्षेत्रमा विशेष योगदान पुऱ्याएका विशिष्ट व्यक्ति रहेको एक प्राज्ञसभा रहने छ । जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) परिषद्

(ख) कार्यसमिति

७. (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहायबमोजिम हुनेछ ।

(क) अध्यक्ष -१ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सदस्यसचिव -१ जना

(घ) सदस्य -१८ जना

(ङ) महानगरपालिकाका सबै क्षेत्र, जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति,विज्ञान प्रविधि तथा महिला आदिलाई प्रतिनिधित्व गर्नेगरी १६ जना सदस्य सम्बन्धित क्षेत्रबाट सिफारिस समितिको सिफारिसमा कार्यपालिकाद्वारा नियुक्त गरिनेछ ।

(च) महानगर प्रमुखद्वारा थप २ जना मनोनयन गरी जम्मा २१ सदस्य रहेको परिषद् रहनेछ ।

(छ) अध्यक्ष, उपाध्यक्ष र सदस्यसचिव सिफारिस समितिको सिफारिस बमोजिम महानगर प्रमुखद्वारा नियुक्त गरिनेछ ।

(३) उपदफा २ बमोजिमका पदाधिकारी/सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

(४) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि कार्यपालिकाद्वारा मनोनित गरिनेछ ।

(५) सदस्यहरूको सुविधा तोकिएबमोजिम हुनेछ ।

**८. सिफारिस समिति**

(१) परिषद्का पदाधिकारी र सदस्यहरूको मनोनयन गर्न देहाय बमोजिमको एउटा सिफारिस समिति गठन गरिने छ :-

(क) प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट -२ जना सदस्य

(घ) भाषा, साहित्य, कला, संस्कृतिका क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये महानगर प्रमुखले तोकेका - २ जना सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा भाषा, साहित्य कला संस्कृति ज्ञान विज्ञानका क्षेत्रमा सम्बन्धित क्षेत्रमा विशेष योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्यातिप्राप्त, उच्च नैतिकवान तथा समावेशी चरित्रको प्रतिनिधित्वलाई महत्व र प्राथमिकता दिनुपर्नेछ ।

(३) सिफारिस समितिले पदाधिकारीको मनोनयनका लागि उपदफा १आधारमा हरेक पदका लागि१ जनाका दरले  नाम सिफारिस गर्नुपर्ने छ ।

(४)पहिलोपटक गठन हुँदा सिफारिस प्रक्रिया लागू हुने छैन, महानगर कार्यपालिकालेनै गठन गर्न सक्नेछ ।।

(४)उपदफा १ बमोजिमको समितिले परिषद्का पदाधिकारी र सदस्य पदको मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि आफैंलेनिर्धारण गरेबमोजिम हुनेछ ।

**९. परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ)लेखनवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) कार्यसमितिलाई सहजीकरण गर्ने,

(च) प्रतिष्ठानको कामको अनुगमन तथा मूल्यांकन गर्ने,

(छ) संस्थाको हितका अन्य कार्य गर्ने ।

**१०. परिषद्को बैठकसम्बन्धी व्यवस्थाः**

(१) बैठक वर्षमा दुईपटक बस्नेछ ।

(२) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(३) परिषद्को बैठक हुनभन्दा कम्तीमा ५ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सदस्यसचिवले सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय सचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नेछ ।

(८) परिषद्मा मानार्थ वा आजीवन सदस्यलाई आमन्त्रण गर्न सकिने छ ।

(९) परिषद्कोबैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैलेनिर्णय गरेबमोजिम हुनेछ ।

**११. कार्यसमितिको गठन**

(१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा कार्य गर्न एउटा कार्यसमिति रहनेछ ।

(२) कार्यसमितिको गठन देहायबमोजिम हुनेछ :-

(क) अध्यक्ष -१ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सदस्य सचिव -१ जना

(घ) परिषद् सदस्यमध्येबाट कार्यपालिकाद्वारा मनोनित सदस्य -६ जना

(ङ) परिषद्का अध्यक्ष,उपाध्यक्ष र सचिव कार्यसमितिमा सोही पदमा रहनेछन् ।

(च) कार्यसमिति ९ जनाको हुनेछ ।

(च) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई कार्यपालिकाद्वारा मनोनित गरिनेछ ।

(ङ) कुनै कारणवश तत्काल परिषद् गठन हुन नसकेमा महानगर कार्यपालिकाले आंशिक रुपमा वा पूरै कार्यसमितिको गठन गर्नेछ र पछि अरु सदस्य थप गरी परिषद् पूरा गरिनेछ ।

**१२. कार्यसमितिको काम कर्तव्य र अधिकारः**

(क) परिषद्ले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) परिषद्ले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखा परीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकताअनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने ।

(ङ) प्रतिष्ठानको चलअचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने

(च) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने

(छ) कार्यसमितिको काम कारबाहीको सम्बन्धमा आवश्यकताअनुसार विभाग,समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो विभाग,समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने ।

(ज) तोकिएबमोजिमको अन्य काम गर्ने ।

(झ) अध्यक्ष, सचिव र लेखा कर्मचारीको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गरिने र लेखापरीक्षण गराउने दायित्व लेखा कर्मचारीको रहनेछ ।

**१३.कार्य समितिको बैठक :-**

(१) कार्य समितिकाको बैठक कम्तिमा दुई महिनामा एकपटक बस्नेछ र यसभन्दा बढी आवश्यकतानुसार बस्न सक्नेछ ।

(२) कार्य समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) कार्य समितिको बैठक हुनुभन्दा कम्तिमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सदस्यसचिवले सबै सदस्यहरूलाई दिनुपर्ने छ ।

(४) कार्य समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) बैठकमा बहमुतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा कार्यसमितिको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सदस्य सचिवले सुरक्षित राख्नेछ ।

(८) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्णय गरेबमोजिम हुनेछ ।

## परिच्छेद -४

## प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी तथा कर्मचारी

**१४ प्रमुख संरक्षक** : विराटनगर महानगर प्रमुख संस्थाको प्रमुख संरक्षकरहनेछ भनेउपप्रमुख संस्थाकोसंरक्षक रहनेछ ।

**१५. अध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) अध्यक्ष प्रतिष्ठानको पूर्णकालीन पदाधिकारीका रूपमा रहने छ ।

(ख) परिषद् र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

(ग) परिषद् र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(ङ) स्थानीय सरकारसँग समन्वय गर्ने,

(च) आवश्यक कर्मचारी महानगरले व्यवस्था मिलाउनेछ ।

(६) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(ज) तोकिएबमोजिमको अन्य काम गर्ने,

(झ) अध्यक्षले तोकिएबमोजिम पारिश्रमिक पाउने

**१६. उपाध्यक्षको काम कर्तव्य र अधिकार**

१. उपाध्यक्षकोकाम कर्तव्य र अधिकार देहायकोबमोजम हुनेछ ।

(क) कार्यसमिति र परिषद्को बैठकमा उपस्थित हुने,

(ख) परिषद्र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(घ) अध्यक्षको निर्देशनमा वा ऐन नियमावलीमा तोकिएको अन्य काम गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य अन्य प्रशासनिक कार्यहरू गर्ने ।

**१७. सदस्यसचिवको काम, कर्तव्य र अधिकार**

१) प्रतिष्ठानको पूर्णकालीन पदाधिकारीका रूपमा काम गर्ने

२) अध्यक्षको सल्लाहले बैठक बोलाउने

३) संस्थाको हिसाबकिताब दुरुस्त राख्ने ।

४) संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने ।

५) कार्यालय व्यवस्थापन गर्ने ।

६) बैठकका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

७) सम्पर्क व्यक्तिको रुपमा कामकाज गर्ने ।

८) संस्थाको सम्पूर्ण रेकर्ड अध्यावधिक राख्ने

९) सदस्य सचिवले तोकिएबमोजिम पारिश्रमिक पाउने ।

(घ) **सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१)बैठकमा सहभागीहुने,

२) बैठकको एजेन्डामाथि सक्रिय सहभागी भई निर्णय गर्ने ।

३) बैठकले सुम्पिएका अन्य कामहरु गरी सो को प्रतिवेदन पेश गर्नु ।

४) अध्यक्ष तथा सचिवलाई सहयोग गर्ने ।

५) नीति निर्माण कार्यमा सहयोग गर्ने

६) कार्यसमितिले तोकेका अन्य काम गर्ने ।

**१८. पदाधिकारीसम्बन्धी व्यवस्था :**

(१)नगर प्रमुखले यस ऐनको अधिनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षकोहुनेछ ।

(३) पदाधिकारीको सेवा सुविधा तोकिएबमोजिम हुनेछ ।

**१९. पद रिक्त हुने अवस्था :** देहायको अवस्थामा पदाधिकारी वा सदस्यहरुको पद रिक्त हुनेछ :-

(क) पदावधि समाप्त भएमा

(ख) राजीनामा दिएमा -

(ग) मानसिक सन्तुलन ठीक नभएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा

(ङ) मृत्यु भएमा ।

**२०. पदबाट हटाउन सक्नेः-**

(१) पदाधिकारी वा परिषद्का सदस्यले यस ऐनबमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई परिषद्मा

तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले महानगर प्रमुखमा पेश गर्नुपर्नेछ ।

(२) महानगर प्रमुखबाट छानबिन गरी मनासिब देखिएमा कार्यपालिकाले पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका दिनुपर्नेछ ।

(३)समितिमा विशेष समस्या वा विवाद उत्पन्न भई संस्था संचालनमा कठिनाइ भएमा संरक्षकले हस्तक्षेप गरी समिति भंग गर्न नगरकार्यपालिकामा प्रस्ताव पेशगर्न सक्नेछन् र नगर कार्यपालिकाले मनासिब ठानेमा समिति भङ्ग गर्न सक्नेछ ।

**२१. कर्मचारीः**

(१) प्रतिष्ठानमा आवश्यकताअनुसार कर्मचारीहरू रहनेछन् । महानगरपालिकाले कर्मचारीको व्यवस्था गर्ने ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्तिविराटनगर नगरपालिकाले गर्नेछ र पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू  नगरपालिकाले तोकेबमोजिम हुनेछन् ।

## परिच्छेद -५

## कोष तथा लेखापरीक्षण

२२ (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

क) विराटनगरमहानगरपालिकाबाट प्राप्त रकम ।

(ख) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ)स्वदेशी संघसंस्था तथा व्यक्तिबाट प्राप्त रकम ।

(ङ)विदेशी सरकार संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्दा प्रचलित कानुनबमोजिम हुनेछ ।

(४) कोषको रकम प्रतिष्ठानले बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन अध्यक्ष, सदस्यसचिव र लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**२३. लेखा र लेखा परीक्षण :** प्रतिष्ठानको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ र महानगरपालिकाले तोकेअनुसार गराइनेछ ।

## परिच्छेद-६

## विविध

**२४. सपथ** (१) आफ्नो पदभार सम्भाल्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची-१ मा तोकिएको ढाँचामा शपथग्रहण गर्नुपर्नेछ ।

(२) कार्य समितिका अध्यक्षले प्रमुखबाट शपथग्रहण गर्नुपर्नेछ ।

(३) अन्य पदाधिकारी र सदस्यहरूले अध्यक्षबाट शपथग्रहण गर्नुपर्नेछ ।

**२५ प्रतीक चिन्ह र छाप** : प्रतिष्ठानको प्रतीक चिन्ह अनुसूची २बमोजिमको हुनेछ ।

**२६ नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यसमितिले आवश्यक नियम,कार्यविधि बनाउनसक्नेछ । तर बजेट वृद्धि हुने किसिमका नियमावली र कार्यविधिहरु अनुमोदनका लागि महानगरपालिकामापेश गरी कार्यपालिकाबाट निर्णय भएपछि मात्र लागू हुनेछ ।

**२७ बाधा अड्काउ फुकाऊः** यस ऐन बमोजिम बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित हुनेछ ।

**२८ खारेजी र बचाउ** :१.यो ऐन लागु हुनुभन्दा अघि  भाषा साहित्य कला संस्कृतिका क्षेत्रमा भएका कार्यहरू यो ऐन लागु भएपछि स्वतः खारेज हुनेछन् ।

२.यसअघि भए गरेका कामहरु यसै बमोजिम भएका मानिनेछन् ।

## अनुसूची १

दफा २४ को उपदफा (१ सँग सम्बधित

### शपथ

म सत्य निष्ठापूर्वक प्रतीज्ञा गर्दछु कि म........................................ मलाई दिएको जिम्मेवारी तनमनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । भाषा, कला, साहित्य र संस्कृति,ज्ञान,विज्ञान र प्रविधिको सृजना, श्रीवृद्धि, सम्बर्द्धन, संरक्षण, संकलनका लागि प्रतिबद्ध रही देश र जनताको सेवामा आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

**नाम थर :**

**पद :**

**दस्तखत :**

**मिति :**

बिराटनगर राजपत्र

## अनुसूची २

(दफा २४ को उपदफा (३)सँग सम्बन्धित)

### संस्थाको छाप र चिन्ह

१:.......................

२: ............. नेपाली भाषामा, विराटनगर प्रज्ञाप्रतिष्ठान, विराटनगर मोरङ, कोशी प्रदेश र अंग्रेजी भाषामा Biratnagar Academy, Biratnagar, Morang,Koshi Province लेखिएको।

३: पुछारमा स्थापना भएको साल लेखिएको हुनेछ ।

४: ..........बीचमा खुला कापीमा चारतिरबाट एक एकवटा हातले कलम समाएर लेख्तै गरेको चिन्ह हुनेछ ।

विराटनगर राजपत्र